सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३५ अनुसार

# सङ्खुवासभा जिल्ला अदालतबाट प्रकाशित

# कैद, जरिवाना वा सरकारी विगो तिर्ने बुझाउने सम्बन्धी जरुरी सूचना ।

यस सङ्खुवासभा जिल्ला अदालत तथा अन्य अदालत र न्यायाधिकरणको अन्तिम फैसला बमोजिम यस अदालतको लगतमा असूल हुन बाँकी देखिएका बीस वर्ष भन्दा अघिका कैद,जरिवाना वा सरकारी विगो छुट सम्बन्धमा मुलुकी ऐन दण्ड सजायको महलको २४ न.को अधिनमा रही सर्वोच्च अदालत नियमावली,२०७४ को नियम १३५ को खण्ड (क),(ख) र (ग)बमोजिम छुट दिइ लगत कट्टा गरिने सम्बन्धमा सूचना प्रकाशन गर्ने भनि श्री फैसला कार्यन्वयन निर्देशनालय बबरमहल काठमाण्डौको च.नं.२७८ मिति २०७५।०२।०२ गतेको पत्र प्राप्त भएकोहुँदा मुलुकी ऐन दण्ड सजायको महलको २४ न.को देहाय १ मा उल्लेख भएका मुद्दाहरु बाहेकका अन्य मुद्दामा यस अदालतमा बुझाउन बाँकी आफुलाई लागेका कैद,जरिवाना वा सरकारी विगो यो सूचना प्रकाशित भएको मितिले २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा देहायबमोजिमको अवधिको देहाय बमोजिम छुट हुनेहुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना अनुसारको छुटको फाइदा लिन हुन समेत जानकारी गराइन्छ ।

क. पचास वर्ष भन्दा अघिको अन्तिम फैसलाबमोजिमको लगतमा पचहत्तर प्रतिशत छुट हुने ।

ख. तीस वर्ष भन्दा अघि पचास वर्षसम्मको अन्तिम फैसलाबमोजिमको लगतमा पचास प्रतिशत छुट हुने ।

ग. बीस वर्ष भन्दा अघि तीस वर्षसम्मको अन्तिम फैसलाबमोजिमको लगतमा पच्चीस प्रतिशत छुट हुने ।

०७५।२।४

गोविन्दबहादुर खत्री

तहसिलदार

इति सम्बत् २०७५ साल जेष्ठ महिना ४ गते रोज ६ शुभम्।